# बहुलवादी मिडियाका लागि अनिज

## खिम घले

नेपाली पत्रकारिताको विकासले २०४६ सालपछिका झण्डै १४ वर्ष (बीचमा राजाको प्रत्यक्ष शासनबाहेक) मा गति लियो र नेपाली प्रेसमा 'क्रान्ति नै आयो' खालका भनाइहरू पनि उल्लेख्य रूपमा चर्चामा आए। तर, यहीँनेर मिडिया सर्भिसेस इन्टरनेशनलले राजधानीमा आयोजना गरेको एक कार्यक्रममा 'स्वतन्त्र रेडियो बचाउ आन्दोलन' का संयोजक रघु मैनालीले व्यक्त गरेका भनाइलाई जोड्नु उपयुक्त होला। मैनालीको कथन थियो, "माघ १९ पछि शाही सत्ताले नेपाली पत्रकारितामाथि गरेको आक्रमणविरुद्ध आन्दोलनमा जनसहभागिता जुटाउन हामी विभिन्न परामर्श बैठकहरूमा सहभागी भयौँ। यसक्रममा विभिन्न समुदायका व्यक्तिहरूसँग पनि भेटयौँ। तर उनीहरूले प्रश्न गरे नेपाली पत्रकारिताले हाम्रो लागि के गऱ्यो र हामीले रेडियो बचाउनका लागि आन्दोलनमा जानुपऱ्यो ?"[1]

यसले विकास भएको भनिएको नेपाली पत्रकारितासँग अझै समाजको निश्चित तहमा असन्तुष्टि कायमै छ भन्ने प्रस्टयाउँछ। अर्कोतर्फ नेपाली पत्रकारिताले सामाजिक विविधताको माहोलमा आफूलाई सबैको साझा बनाउन नसकेको यथार्थ पनि उजागर गर्छ। 'आवाजविहीनहरूको आवाज' भनिएको पत्रकारिताले सधैँ प्रतिपक्षको भूमिका खेल्नुपर्छ भन्ने मान्यतालाई अझै नेपाली पत्रकारिताले आत्मसात गर्न नसकेको स्पष्टै छ। यो कुरालाई *हिमाल खबरपत्रिका*का पूर्व सम्पादक राजेन्द्र दाहालको भनाइले झनै प्रस्ट पार्छ। दाहाल भन्छन्, "नेपाली

---

[1] मैनालीको यो भनाइ मिडिया सर्भिसेज इन्टरनेशनलद्वारा २०६२ फागुनमा आयोजित 'प्रेस स्वतन्त्रता र सङ्घसस्थाहरूको भूमिका' कार्यक्रममा व्यक्त भएको हो।

पत्रकारिता पहाडे बाहुनहरूको कब्जामा छ । तर, केही वर्षयता बिस्तारै सुधारका सङ्केतहरू देखा परेका छन् ।"[२]

प्रेस स्वतन्त्रतासम्बन्धी आन्दोलनका लागि जनमत जुटाउने क्रममा मैनालीलाई आएको प्रतिक्रिया र दाहालको अभिव्यक्तिलाई एकै ठाउँमा राख्दा नेपाली पत्रकारितामा आवश्यक रहेको स्वामित्व, सन्देश र सञ्चारकर्मीमा हुनुपर्ने बहुलवादी संरचना नभएका कारण नेपाली पत्रकारितालाई अझै आम नेपालीले अपनत्व दर्शाउन नसकेको स्पष्ट हुन्छ । यसो हुनु पछाडिका कारण पनि छन् । यसको नेतृत्वलगायत सम्पूर्ण सञ्चालनमा एउटा निश्चित वर्ग र जातिको कब्जा छ । जसले एउटा जाति र वर्गको मात्र वकालत गर्छ, एउटै संस्कृतिलाई मात्र साझा सम्झन्छ, एउटा जाति र वर्गको मात्र प्रतिनिधित्व गर्नसक्छ र बाँकीलाई छाडिदिन्छ ।

नेपाली पत्रकारिताले उपेक्षामा पारेका वा नेपाली पत्रकारितामा एकाकार हुन नसकेका निश्चित क्षेत्र, जाति, लिङ्ग, वर्ग, भाषा आदि विषयहरूमा जत्ति पनि चर्चा गर्न सकिन्छ । तर, यहाँ आदिवासी जनजाति पत्रकारहरूको सङ्गठन नेपाल आदिवासी जनजाति पत्रकार सङ्घलाई केन्द्रमा राखेर चर्चा गर्न खोजिएको छ ।

## पत्रकारितामा आदिवासी जनजाति

सङ्ख्याको हिसाबले कति आदिवासी जनजाति कुलमा जन्मेकाहरू पत्रकारितामा संलग्न छन् वा पेशाको रूपमा उनीहरूले पत्रकारितालाई अँगालेका छन्, यसको यकिन तथ्याङ्क छैन । आदिवासी जनजाति र प्रेसलाई जोडेर केही अध्ययनहरू भए पनि तिनले सगोल उत्तर दिन सकेका छैनन् ।

२०५८ सालमा एकता बुक्सद्वारा प्रकाशित *नेपाली मिडियामा दलित तथा जनजाति* पुस्तकमा यसको सानो प्रयास भएको थियो । मिडिया अनुसन्धानकर्ता शेखर पराजुली र भास्कर गौतमले सामाजिक विकास तथा अनुसन्धान केन्द्रका लागि गरेको सो सर्वेक्षणअनुसार उपत्यका बाहिरका ७३ प्रकाशन गृहका सम्पादकीय क्षेत्रमा कार्यरत ९ सय ५६ जनामध्ये आदिवासी जनजाति १ सय ६४ जना मात्र रहेको देखाइएको छ । तीमध्ये नेवारको सङ्ख्या ५७ थियो । उपत्यकाभित्र ४१ प्रकाशन गृहमा गरिएको सर्वेक्षणमा ६ सय ९३ जना सम्पादकीय सञ्चारकर्मीमध्ये १ सय ४९ जना आदिवासी जनजाति रहेकामा ९३ जना नेवार थिए (पराजुली र

[२] यो विचार दाहालले शिक्षा पत्रकार समूहद्वारा २०६२ भदौ ४ मा आयोजित 'चेपाङहरूको शिक्षामा सञ्चारमाध्यमको भूमिका' विषयक कार्यक्रममा व्यक्त गरेका हुन् । दाहाल हाल प्रेस काउन्सिल नेपालका अध्यक्ष छन् ।

गौतम २०५८)। गएका तीन/चार वर्षयता विभिन्न अखबारमा आदिवासी जनजाति पत्रकारहरूले लेखेका समाचारहरू बढेको देखिएका छन्।

पत्रकारितामा जनजातिलाई दुई प्रकारले चर्चा गर्न सकिन्छ। पहिलो, मूलधारे पत्रकारिताको कुरा र दोस्रो आदिवासी जनजाति आफैले गरेका समुदायगत प्रयासहरू। सधै आदिवासी जनजाति र पत्रकारिताको कुरा गर्दा जनजातिका सामुदायिक अगुवाहरूको भनाइ रहने गर्छ, "मिडियाले हाम्रो कुरा दिँदैन।" यसबारे मेरो आफ्नै अनुभव छ। २०५७ सालमा *कान्तिपुर* दैनिकले मलाई जनजाति क्षेत्रमा रिपोर्टिङ गर्न भन्यो। त्यसका लागि सुरुआतमा परिचित हुनुपर्ने दुई संस्थाहरू थिएः राष्ट्रिय आदिवासी जनजाति विकास समिति र नेपाल आदिवासी जनजाति महासङ्घ। रिपोर्टिङका क्रममा समितिका तत्कालीन कार्यकारी निर्देशक डा. चैतन्य सुब्बा र महासङ्घका तत्कालीन महासचिव बालकृष्ण माबुहाङलाई भेटियो। तर पहिलोपटकमै दुवै जनाको एउटै भनाइ थियो, "*कान्तिपुर* जनजाति विरोधी पत्रिका हो, त्यसैले भेट्नुको अर्थ छैन।"

प्रेसप्रति आदिवासी जनजाति अगुवाहरूको धारणा बुझ्न यो उदाहरण पर्याप्त छ। प्रभावकारी सञ्चारमाध्यमलाई शत्रु सम्झेर सम्पर्कबाहिर बस्न खोज्ने अवस्थामा प्रेसले आदिवासी जनजातिको सवाललाई प्राथमिकता नदिनु अनौठो पनि थिएन। नेपाली प्रेसमा आदिवासी जनजातिका सवालले मिडियामा उचित स्थान नपाउनुमा पत्रकारिताको माहोल दोषी छ। तर, आदिवासी जनजाति अगुवाहरू पनि दोष मुक्त छैनन्। पत्रकारितामा आदिवासी जनजातिको कुलमा वा सामाजिक सांस्कृतिक वातावरणमा हुर्केकाहरूको प्रवेशसँगै उनीहरूको सामाजिक/सांस्कृतिक सवालदेखि राजनीतिक विषयवस्तुसम्मले केही मात्रामा भए पनि स्थान पाएको भने साँचो हो।

यो त भयो मूलधारे पत्रकारिताको कुरा। तर, आदिवासी जनजातिहरूको पत्रकारिता प्रयासको सन्दर्भलाई हेर्दा धेरैले बिर्सने पाटो भनेको उनीहरूको आफ्नै सामुदायिक प्रयास हो। यसलाई नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) लगायतले 'आदिवासी पत्रकारिता प्रयास' भनेका छन्। मूलधारे पत्रकारिताले आफ्ना सवालहरूमा भनेजस्तो पैरवी नगरिरहेको अवस्थामा यस्ता सामुदायिक प्रयासहरूले पनि योगदान दिएका छन्। यसको चर्चा गरिएन भने आदिवासी जनजाति र पत्रकारिताको विषय अधुरो रहन्छ। यसभित्र पनि नेपालीभाषी र मातृभाषी गरी छुट्ट्याउन सकिन्छ। तर यहाँ त्यसरी छुट्ट्याएर विस्तारमा चर्चा गरिएको छैन।

यहाँनेर पत्रकार चुनबहादुर गुरुङको भनाइ उद्धृत गर्नु सान्दर्भिक हुन्छ । उनी भन्छन्, “आदिवासी जनजातिहरूले आफै सामुदायिक पत्रपत्रिका प्रकाशन गर्दा वार्षिक करोडौँ लगानी भइरहेको देखिन्छ । अहिलेसम्म समग्रमा झण्डै एक अर्बको हाराहारीमा खर्च गरे होलान् ।”[३] त्यसो त आदिवासी जनजाति कुलमै जन्मेका व्यक्तिहरूले ठूलो लगानीमा प्रकाशन/प्रसारण संस्थाहरू सञ्चालन गरेका पनि छन् । यस्ता प्रकाशन र प्रसारण संस्थाहरूका सञ्चालकहरूले आदिवासी जनजातिका विषयहरूलाई ‘मिसन’ को रूपमा उठाउन सकेका छैनन् । तर, अरूको तुलनामा सकारात्मक भएका उदाहरणहरू भने देखिन्छन् ।

## अनिजको गठन

आदिवासी जनजाति समुदायबाट आएका केही उत्साही युवाहरूले २०५६ सालमा नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) को स्थापना गरे । सङ्घले आफ्ना उद्देश्यहरूमा आदिवासी जनजाति पत्रकारहरूलाई सङ्गठित बनाएर व्यावसायिक नेतृत्व प्रदान गर्ने, पेशागत हितमा काम गर्ने, आदिवासी जनजातिहरूलाई पनि संस्थागत रूपले सञ्चारमाध्यममा लाग्न प्रेरित गर्ने, आदिवासी जनजातिका सवालहरूलाई सञ्चारमाध्यमहरूमा पैरवी गर्ने आदि कुराहरू समेटेको छ ।[४] तर, यसअघि पनि सङ्गठित हुने प्रयासै नभएको चाहिँ होइन । २०५२ सालमै आदिवासी जनजातिका समुदायिक पत्रिकाहरू प्रकाशन गर्ने युवाहरूको समूह सम्पादक समाज बनेको थियो । त्यति बेला सो समाजमा *आउटक्राइ* मासिकका सम्पादक एचबी खाम, *लाफा*का सम्पादक प्रदीप थापा र *गोर्खा सैनिक आवाज*का सम्पादक चन्द्रबहादुर गुरुङ प्रमुख व्यक्ति थिए । यो समूह आधिकारिक रूपमा दर्ता गरिएको थिएन । बेलायती गोर्खा सैनिकमा रहेर पहिलो र दोस्रो विश्वयुद्धमा बहादुरी देखाएबापत ‘भिक्टोरिया क्रस’ विजेता योद्धाहरूको अभिनन्दनमा यो सक्रिय थियो ।[५] एचबी खाम भन्छन्, “भीसी अभिनन्दन गर्ने सोच नै हाम्रो हो । पछि मात्र गोर्खा मेमोरियल ट्रष्टका पूर्वगोर्खा सैनिकहरू सहभागी भएका हुन् ।” सम्पादक समाजले त्यसपछि अस्तित्व देखाएन । बरु त्यसका संस्थापकहरू समेत

---

३ पत्रकार गुरुङले पत्रकारिता तथा आमसञ्चारमा स्नात्तकोत्तर तहको शोधपत्र ‘आदिवासी जनजातिहरूको मिडिया प्रयास’ शीर्षकमा गर्दैछन् । उनीसँग २०६२ सालको मध्यतिर कुराकानी गरिएको थियो ।

४ अनिजबारे थप जानकारीका लागि www.anij.org.np हेर्नुहोस् ।

५ अङ्ग्रेजी पत्रिका *आउटक्राई* मासिकका सम्पादक एचबी खामसँग २०६२ चैतमा गरेको कुराकानीमा आधारित ।

सहभागी भएर नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) को जन्म भएको हो । अनिज सम्पादक समाजको निरन्तरता नभए पनि सम्पादक समाजले आदिवासी जनजाति पत्रकारहरूलाई एकै ठाउँमा ल्याउने भूमिका निर्वाह गरेको थियो ।

अनिजको सुरुआती कालमा मूलधारे पत्रकारितामा रहेका आदिवासी जनजाति पत्रकारहरूको सहभागिता भेटिन्न । बरु आफै पत्रिका चलाएका र आदिवासी जनजाति समुदायलाई लक्ष्य गरी पत्रिका प्रकाशन गर्ने पत्रकारहरू मात्रै यसमा सक्रिय थिए ।[६] २०५९ पुस १३ गते राजधानीमा सम्पन्न दोस्रो राष्ट्रिय महाधिवेशनबाट भने मूलधारे पत्रकारिता र सामुदायिक पत्रकारितामा लागेका दुवैथरी पत्रकारहरू यसमा समेटिएका हुन् ।

२०६२ पुस ९ मा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशनसम्म आइपुग्दा अनिजको सङ्गठन विस्तार र सहभागितामा पनि वृद्धि भयो । यसमा २१ जिल्लाबाट प्रतिनिधि पर्यवेक्षकहरू सहभागी भए । आदिवासी जनजाति पत्रकारहरू थप सङ्गठित हुने क्रम जारी छ । २०६३ भदौसम्म यसका २८ ओटा शाखाहरू छन् भने झण्डै चार सय क्रियाशील आदिवासी जनजाति पत्रकारहरू सदस्य छन् ।

## सोच र कार्यक्रम

अनिजको तेस्रो राष्ट्रिय महाधिवेशनले 'वैकल्पिक धार, समान सहभागिता आजको आवश्यकता' भन्ने नारालाई पारित गरेको छ। यसमा मूलधारे पत्रकारिताले आदिवासी जनजातिका सवाललाई सही ढङ्गले नउठाएका कारण त्यसलाई वैकल्पिक धारको रूपमा विकास गर्नुपर्ने तथा मूलधारे पत्रकारितामा सहभागिता बढाउनु पर्नेमा जोड रहेको छ। तथापि यो नारा यसअघि नै प्रचलनमा आइसकेको थियो। महाधिवेशनले आदिवासी जनजातिका समग्र सवालहरूमा प्रजातान्त्रिक प्रक्रिया अन्तर्गतका आन्दोलनलाई सहयोग गर्ने नीति पनि अख्तियार गरेको छ ।

अनिजले पत्रकारितासँग सम्बन्धित सबै क्षेत्रमा समावेशी संरचनाको जग बसाउनुपर्छ भन्दै आएको छ । व्यक्तिको सन्दर्भ गौण हो र संरचनामा परिवर्तन प्रमुख हो भन्ने यसको जिकिर छ । यही सिलसिलामा नेपाल पत्रकार महासङ्घको दसौँ महाधिवेशनमा औपचारिक रूपमै यस विषयमा वकालत गऱ्यो । यसको केही प्रभाव परेको देखियो पनि ।

---

[६] नेपाल आदिवासी जनजाति पत्रकार सङ्घका संस्थापक अध्यक्ष चन्द्रसिं कुलुङसँगको कुराकानीमा आधारित । कुलुङसँग २०६२ फागुनमा कुराकानी भएको हो ।

अनिजले गर्ने कामको दुई पाटो छ । एउटा, मूलधारे पत्रकारितामा सहभागिता बढाउने र आदिवासी जनजातिको माग, समस्या र समग्र सवाललाई समाचारयोग्य विषयको रूपमा स्थापित गराउने । दोस्रो, आदिवासी जनजातिहरूमा आफ्नै ढङ्गको प्रभावकारी वैकल्पिक सञ्चार संस्थाहरूको विकासका लागि सहयोग गर्ने । यसलाई अनिजले मूलधारे पत्रकारिता र वैकल्पिक पत्रकारिता भनेर नामाकरण गरेको छ । दुवैथरी पत्रकारहरूको साझा र समान हिस्सेदारी भएको संस्थाको रूपमा यसको विकास भइरहेको छ ।

अनिजले आफ्नो तहबाट यी दुवै क्षेत्रमा कामहरू गरिरहेको छ । आदिवासी जनजातिका सवाल निरन्तर रूपमा उठाइरहनका लागि अनिजसँग सम्बद्ध पत्रकारहरू कार्यरत छन् । यही सवालमा लोकतन्त्र प्राप्तिपछि गठित उच्चस्तरीय मिडिया सुझाव आयोगलाई समेत अनिजले समावेशी आमसञ्चार संरचनाको सुझाव प्रस्तुत गरेको छ । त्यसमा 'आदिवासी पत्रकारिता प्रयास' को विकास र सहयोगका लागि छुट्टै स्वायत्त निकायको स्थापना गर्नुपर्ने सुझाव दिइएको छ । अनिज एक ढङ्गले आदिवासी जनजाति आन्दोलनको लागि बौद्धिक खुराकको रूपमा समेत स्थापित हुने क्रममा छ । २०६२ पुसमा भएको तेस्रो महाधिवेशनमा यसले लोकतन्त्र र प्रेस स्वतन्त्रताका लागि लड्ने सबै मित्रहरूसँग सहकार्य गर्दै सङ्घर्ष गर्ने घोषणा गरेको थियो । २०६३ जेठमा भएको केन्द्रीय समितिको दोस्रो बैठकमा राज्यको संरचना 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' हुनुपर्ने निर्णय गरेको थियो । विभिन्न तहबाट भएका पैरवीहरूकै कारण आदिवासी जनजातिहरूको साझा मञ्च नेपाल आदिवासी जनजाति महासङ्घ र राजनीतिक दलहरूको साझा मोर्चा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले साउन २४ गते विश्व आदिवासी दिवसको अवसरमा अबको राज्यको संरचना 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' हुनुपर्ने घोषणापत्र जारी गरेको छ ।

## कार्यक्रमहरू

अनिजले २०६३ भदौसम्ममा ११ ओटा जिल्लामा आधारभूत पत्रकारिताको सञ्चालन गरिसकेको छ । पोखरा, भोजपुर, खोटाङ, दाङ, ताप्लेजुङ, धनकुटा, सिरहा, पाँचथर, इलाम, काठमाडौँ र काभ्रेमा सञ्चालन गरिएका पाँचदिने पत्रकारिता तालिममा झण्डै तीन सयजना सहभागी थिए । यसले आदिवासी जनजाति युवाहरूमा पत्रकारिता प्रतिको साक्षरता वृद्धि गरेको छ भने ३० प्रतिशतभन्दा बढीले पत्रकारिता क्षेत्रमा प्रवेश गरिसकेका छन् । केही स्थानमा आफै पत्रिका प्रकाशन सुरुसमेत गरेका छन् ।

यसका अलावा अनिजले २०६३ भदौमा चारमहिने आधारभूत पत्रकारिता तालिम काठमाडौँमा सञ्चालन गरेको थियो। सैद्धान्तिक कक्षाको समाप्तिपछि व्यावहारिक ज्ञानको लागि प्रशिक्षार्थीहरू सञ्चार संस्थाहरूमा इन्टर्नसीप गरिरहेका छन्। त्यसमा १२ महिला र ८ जना पुरुष गरी २० उत्साही युवाहरू सहभागी छन्। व्यवहारिक ज्ञानका लागि प्रशिक्षार्थीहरूले *उर्जा* नामक नमुना पत्रिकाको प्रकाशनसमेत गरेका छन्। अनिजले मासिक रूपमा आदिवासी जनजातिका सवालमा अन्तर्क्रिया पनि गर्दै आएको छ। आदिवासी पत्रकारहरूलाई सहभागी गराई समसामयिक विषयमा ज्ञाता वा अभियानकर्ताहरूसँग छलफल आयोजना गर्दै आएको छ। यसले आदिवासी पत्रकारहरूलाई समसामयिक विषयमा स्पष्ट हुन मद्दत पुऱ्याएको छ।

झण्डै तीन वर्षअघि देखि प्रकाशन गर्दै आएको *इण्डिजिनिअस भ्वाइस* नामक पत्रिका २०६१ माघ १९ पछिको परिवर्तित शासन प्रणाली र यसले उत्पन्न भएको आर्थिक अभावका कारण स्थगित गरिएको छ। यसका लागि सुरुको एक वर्ष संयुक्त राष्ट्रसङ्घ आदिवासी स्थायी मञ्चले १० हजार अमेरिकी डलर (७ लाख रुपियाँ) उत्पादन खर्च सहयोग गरेको थियो। आदिवासी जनजातिका सवालमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि *इण्डिजिनिअस भ्वाइस* उपयोगी हुने ठहर गरेर केही प्रति बाइण्डिङ गरेर राख्ने कामसमेत गरेको छ। आफ्नै सदस्यहरूको स्वयंसेवी सहभागितामा *जनजाति आवाज* अनलाईन पत्रिकालाई निरन्तरता दिइरहेको छ।[७]

पत्रकारितामा आदिवासी जनजातिको सहभागिता वा सम्बन्धलाई हेर्दा अधिराज्यका विभिन्न क्षेत्रमा भइरहने पत्रकारितासम्बन्धी तालिमहरूमा ज्यादै सीमित व्यक्तिहरू मात्र सहभागी हुने समस्याको बुझाइमा अनिजले फरक अनुभव पाएको छ। सुरुमा पत्रकारिताप्रति चासो नै नभएर हो कि ? भन्ने अनुमानलाई पछिल्ला अवधिमा सञ्चालन गरिएका यस्ता तालिमहरूले असत्य साबित गरिदिएका छन्। यसले आदिवासी जनजाति युवाहरूमा पनि पत्रकारितामा आउने चाहना प्रचुर मात्रामा छ भन्ने देखाएको छ।

यसबाहेक बेलाबेलामा आदिवासी जनजाति अभियानकर्ताहरूलाई सञ्चार अभिमुखीकरण तालिम दिने तथा उनीहरूका विभिन्न कार्यक्रमहरूलाई सञ्चार संयोजन गरिदिने काम पनि गर्दै आएको छ। विश्व आदिवासी दिवस मूल समारोहको साताव्यापी कार्यक्रमको प्रचारप्रसार तथा सञ्चार संयोजन वर्षेनी

---

[७] यो पत्रिका www.janajati.com मा उपलब्ध छ।

अनिजले गर्दै आएको छ। साथै आदिवासी जनजातिका सवालमा बेलाबेलामा लेखनवृत्तिसमेत सञ्चालन गर्दै आएको छ।

यी कार्यक्रमहरूका अतिरिक्त महत्त्वपूर्ण कार्य सङ्गठित हुनु र त्यसको भावनालाई अघि बढाउन आदिवासी पत्रकारहरूलाई आदिवासी सवालप्रति सचेत बनाउनु हो। यसका लागि महिनामा एकपटक आदिवासी जनजातिसँग सरोकार राख्ने समसामयिक विषयमा पत्रकारहरूसँग त्यस विषयबारे जान्ने व्यक्तिलाई अन्तर्क्रियाको लागि बोलाइने गरिन्छ। विश्व आदिवासी दिवसको अवसर पारेर वर्षमा एकपटक आदिवासी जनजाति महासङ्घसँग संयुक्त रूपमा आदिवासी जनजाति पत्रकारहरूका लागि चियापान समारोहको आयोजना गर्दै आएको छ। केही कार्यक्रमहरू जनजाति सशक्तीकरण परियोजनाको सहयोगमा सञ्चालित छन् (यसको चर्चा पछाडि गरिएको छ)।[८] केही कार्यक्रमहरू आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँग संयुक्त रूपमा सञ्चालन गरिएका छन्। अन्तर्क्रिया लगायतका केही कार्यक्रमहरू अनिजका सदस्यहरूको स्वयंसेवी सहयोगमा सञ्चालन हुँदै आएको छ। त्यसमा व्यक्तिगत रूपमा आदिवासी जनजाति व्यक्तित्वहरूले गर्ने सहयोग र पदाधिकारीहरूको लेवी तथा सदस्यहरूबाट उठाइने सदस्यता शुल्कबाट समेत संस्था सञ्चालनमा सहयोग पुग्दै आएको छ।

## जेइपी र अनिज बीचको सहकार्य

आदिवासी जनजाति आन्दोलनको प्रवक्ताको रूपमा अनिजले काम गर्दै आएको छ। पछिल्लो समयमा अनिजले प्राप्त गरेका प्रतिक्रियाहरूले पनि यसलाई स्थापित गरेको छ। जनजाति सशक्तीकरण परियोजनाको लागि प्रस्ताव बन्ने बेलामै अनिजसँग सञ्चारसम्बन्धी कार्यक्रमहरूबारे छलफल भएको थियो। त्यसै बेलादेखि अनिजले सँगै काम गर्दै आएको हो र आदिवासी जनजातिहरूको लागि सञ्चारसम्बन्धी काम गर्ने एक निकायको रूपमा अनिज स्थापित भइसकेको छ।

तर, दुर्भाग्य नै भन्नुपर्छ। जेइपीका सञ्चालकहरूले कार्यक्रम कार्यान्वयनका बेलामा कसरी गर्ने भन्ने सम्बन्धमा छलफल नै गरेनन्। प्रोजेक्ट डकुमेन्टको आधारमा सञ्चारसम्बन्धित कार्यक्रमहरूको कार्ययोजना बनाउन सहयोग गर्ने भनाइ राख्दाराख्दै पनि बेवास्ता गर्दै अति प्रभावकारी हुन सक्ने टेलिभिजन र

---

८ नेपाल आदिवासी जनजाति महासङ्घले सञ्चालनमा गरेको जनजाति सशक्तीकरण परियोजनालाई छोटकरीमा जेइपी भनिन्छ। बेलायती अन्तर्राष्ट्रिय सहयोग नियोग (डिएफआइडि) को सहयोगमा सेप्टेम्बर २००४ - अगस्ट २००७ सम्म यो परियोजना सञ्चालन भइरहेको छ।

रेडियो कार्यक्रमहरू व्यक्तिगत चिनजानको आधारमा सञ्चालन गर्न थाले। यसअन्तर्गत टेलिभिजन कार्यक्रम *जनजाति आवाज* र रेडियो कार्यक्रम *हाम्रो चिनारी* छन्। तर रेडियोका अन्य कार्यक्रमहरू भने अनिजभन्दा बाहिरकाहरूलाई नै सञ्चालन गर्न दिइएको छ।

परियोजनाको मध्यतिर पुग्दा टेलिभिजन र रेडियो कार्यक्रम प्रभावकारी नभएको भन्दै दाताले रोक्यो। आदिवासी जनजातिको सवालमा सञ्चार पैरवीको लागि आएको बजेट रोकिनुले अनिजका पदाधिकारीहरूलाई दुःख लाग्नु स्वभाविकै थियो। त्यसैले निःशुल्क रूपमा अनिजले सञ्चार कार्ययोजना बनाएर परियोजनालाई दिएको थियो। आदिवासी जनजाति पत्रकारहरूलाई तालिम, भित्तेपत्रिका प्रकाशन तथा केही लेखनवृत्ति कार्यक्रमहरू अनिजले सञ्चालन गर्दै आएको छ। आदिवासी पत्रकारहरूको साझा सङ्गठनको नाताले अनिजले जेइपीको सञ्चार पैरवी कार्यक्रमलाई सघाउ पुऱ्याउँदै आएको छ। सबै सञ्चार पैरवीसम्बन्धी कार्यक्रमहरू अनिजबाट सञ्चालन हुनुपर्ने दाबी गर्दागर्दै पनि अहिलेसम्म कूल कार्यक्रमको आधा हिस्सा पनि अनिजबाट सञ्चालन हुनसकेको छैन।

परियोजना प्रस्ताव बन्ने बेलामा अनिजको तर्फबाट 'परामर्शदाता' हरूलाई मिडियासम्बन्धी कार्यक्रमको एउटा खाका प्रस्तुत गरिएको थियो। त्यही खाकामा रहेको कार्यक्रमहरूमध्येका केही हुन् यी। तर, कार्यक्रम सुरु भएपछि अनिजले तालिम र भित्तेपत्रिका प्रकाशनको काम गर्दै आएको छ। अनिजसम्बद्ध पत्रकारहरू आफ्नो समुदायका लागि आफ्नो क्षेत्रबाट केही योगदान गर्ने अभिलाषामा आएका हुन्। त्यसैले यस अवधिमा अनिजको तर्फबाट जति काम भइरहेको छ त्यसमा उनीहरूको स्वयंसेवी अंशको पूरापूर प्रयोग भएको छ।

सुरुदेखि नै अनिजले सबै मिडिया कार्यक्रमहरू एउटै ढोकाबाट सुरु गर्दा योजना निर्माण र प्रस्तुति प्रभावकारी हुन्छ भन्ने मान्यता राख्दै आएको थियो। तर, जेइपीले त्यसो गर्न सकेन। छुट्टै समूहहरूमा कार्यक्रम गए पनि मिडिया कार्यक्रम सञ्चालकहरूबीच आउँदो नयाँ अङ्कको लागि विस्तृत छलफल गरौं भन्ने प्रस्ताव राखिएको थियो। त्यो पनि हुन सकेन। आदिवासी जनजातिले उठाउँदै आएका सवालहरूले पाउनुपर्ने स्थान पाएका छैनन्। उनीहरूको विषय प्रभावकारी ढङ्गले उठ्न सकिरहेको छैन।

## अन्तमा

२०४६ को जनआन्दोलनबाट प्रजातन्त्र पुनर्स्थापना भएपछि नेपाली पत्रकारिताको विकास त भयो। तर सामाजिक बनोट अनुसारको बहुलवादी संरचना र सोच

भने रूपान्तरण हुन सकेन । नेपाली पत्रकारिताको स्वामित्व, सन्देश र सञ्चारकर्मीमा जबसम्म बुहलवादी संरचना कायम हुन सक्दैन तबसम्म आम नेपालीको लागि प्रेस निष्पक्ष र बराबर हिस्सेदारी बन्न सक्दैन । यसका लागि नेपाली पत्रकारिताको संरचनालाई फेर्नु जरुरी छ। आदिवासी जनजातिहरूको पत्रकारितामा न्यून सहभागिता हुनुका धेरै कारणहरू छन्। मूल रूपमा राज्यको पुनर्संरचनाबिना अरू क्षेत्रमा जस्तै पत्रकारिताको आमूल परिवर्तन सम्भव छैन । तर, परिवर्तन र निकासको लागि अरू प्रयासहरू पनि जारी रहनु पर्दछ ।

त्यसो त आदिवासी जनजाति आफैमा समस्याको पोको नै छ । त्यसको पनि कारण राज्यको नीति नै हो । आदिवासी जनजाति पत्रकारहरूमा आफ्नै समस्याहरू छन्। त्यसको पनि रसि अन्ततोगत्वा राज्यको नीतिसँगै जोडिन्छ। त्यसैले अनिजले पत्रकारहरू संस्था भनेर पत्रकारका लागि मात्र होइन, पत्रकारसहित आदिवासी जनजाति युवाहरूलाई समाज र राज्यबारे बुझ्न प्रेरित गर्छ । अनिजको तालिमहरूमा संलग्न 'एड्भोकेसी पत्रकारिता' को परिच्छेद त्यसैको लागि हो ।

## सन्दर्भ सामग्री

पराजुली, शेखर र भास्कर गौतम । २०५८ । प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. २१-५६ । काठमाडौँः एकता बुक्स ।